# Non-Resident Nepali Association (NRNA)
# गैरआवासीय नेपाली संघ

Ref.

**नवौं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा तथा अन्तर्राष्ट्रिय महाधिवेशन सम्बन्धी तयारी अन्तिम चरणमा**

**"म, मेरो एन आर एन ए र मेरो नेपाल"** मूल विषयमा आधारित भएर यस वर्षको नवौं गैरआवासीय नेपाली विश्व सम्मेलन तथा गैरआवासीय नेपाली संघको अन्तर्राष्ट्रिय महाधिवेशन यही २०७६ साल आश्विन महिनाको २८ गते देखी ३० गते सम्म अर्थात १५-१७ अक्टोवर २०१९ मा काठमाडौंमा आयोजना गरिने भएको छ ।

यस वर्षको विश्व सम्मेलन पनि विगतमा झैं नेपाल सरकार नेपाल उद्धोग वाणिज्य महासंघ र गैरआवासीय नेपाली संघको संयुक्त आयोजनामा हुन गईरहेको छ । उक्त सम्मेलन आयोजनाका लागि नेपाल सरकार परराष्ट्र मन्त्रीज्यूको अध्यक्षतामा एक उच्चस्तरीय आयोजक समितिको गठन भइसकेको छ । उक्त उच्चस्तरीय आयोजक समितिको सचिवालयका रुपमा संघको सचिवालयले नै कार्य गरिरहेको छ । यस आयोजक समितिमा नेपाल सरकारका प्रतिनिधिहरु र सरोकारवाला संघ संस्थाका अध्यक्षहरु रहेका छन् । यसैगरी संघको आन्तरिक आयोजक समिति संघका अध्यक्ष भवन भट्टको अध्यक्षतामा गठन भएको छ । सम्मेलन तथा महाधिवेशन सम्बन्धी तयारीका कामहरु तदारुकताका साथ अघि बढी रहेका छन् । सम्मेलनको मूल विषय **"म, मेरो एन आर एन ए, र मेरो नेपाल"** मा आधारीत भएर विभिन्न शत्रहरुको आयोजना गरिने छ । सम्मेलनमा नेपाल सरकार यहाँका राजनैतिक दल एवं नागरिक समाज, समाजसेवी र संचारकर्मीहरुको सहभागीता रहने छ ।

यसै सन्दर्भमा अफ्रिका, अमेरिकाज्, एशिया प्रशान्त, युरोप, मध्यपूर्व र ओसेनिया क्षेत्रमा रहेका एनसिसिहरुको महाधिवेशन सम्पन्न भइ अन्तर्राष्ट्रिय महाधिवेशन मतदान अधिकार सहितका प्रतिनिधिहरु चयनको कार्य भइरहेका छन् । अन्तर्राष्ट्रिय समन्वय परिषद्ले प्रतिनिधिहरुको नामावली जसमा कूल मतदाताको संख्यामा २० प्रतिशत थप गरी यही ३० सेप्टेम्वर सम्म सचिवालयमा उपलब्ध गराउनु पर्ने गरी निर्णय गरेको छ र उक्त निर्णय राष्ट्रिय समन्वय परिषद्लाई गराईसकिएको छ । यस पछि एनसिसिले पठाएका प्रतिनिधिहरुको नामावलीलाई अन्तिम रुप दिइ मतदाताको नामावली प्रकशित गरिने भएको छ । त्यसपछि निर्वाचनको औपचारिक प्रक्रिया (मनोनयन, मनोनयन माथि दाबि विरोध, उम्मेदवारहरुको अन्तिम नामावली प्रकाशन, मतदान र मत गणना गरिने छ । यी सम्पूर्ण प्रक्रिया १७ अक्टोवर भित्र पुरा हुने छ ।

यही विश्व सम्मेलनमा भगलिन लिनको मध्यपूर्व, मलेशिया, अफ्रिकाका गैरआवासीय नेपालीहरु र नेपाल भित्रका इच्छुक नेपाली नागरिकहरुको लागि १०० अमेरिकी डलर र यस बाहेका गैरआवासीय नेपालीहरुका लागि २०० अमेरिकी डलर प्रतिनिधि शुल्क तोकिएको छ । भागलिने प्रतिनिधिहरुले संघले तोकेको बैंक खाता वा सचिवालयमा आइ तोकिएको शुल्क बुझाएर १४ अक्टोवर बेलुका ७ बजे सम्म नाम दर्ता गरी सक्नु पर्ने छ । यस सम्बन्धी थप जानकारीका लागि आआफ्ना देशका राष्ट्रिय समन्वय परिषदहरुमा सम्पर्क राख्न अनुरोध समेत गर्दछौं ।

सम्मेलन सम्बन्धी सम्पूर्ण तयारीहरु तिव्रताका साथ अघि बढी रहेको छ । यस सम्मेलनमा प्रायोजक भई सहयोग गर्न समेत अनुरोध पठाइसकिएको छ । यसको विस्तृत विवरण संघको वेब साइट www.nrna.org/9thgc प्राप्त गर्न सक्नु हुने छ । गैरआवासीय नेपाली संघको यस सम्मेलनलाई भब्य रुपमा सफल बनाउन वर्तमान कार्यसमिति सबैमा हार्दिक अनुरोध गर्दछ ।

भूषण घिमिरे
प्रवक्ता
गैरआवासीय नेपाली संघ
अन्तर्राष्ट्रिय समन्वय परिषद

२५ सेप्टेम्वर २०१९ ।